नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

श्रावण/भाद्र २०६८ (August 2011) वर्ष १५/अङ्क १७३

## जन्म दिनको शुभकामना– प्रेरित २:१-४

**जुन १२, २०११ शनिबारका दिन नेइम ललितपुरमा श्री कर्टिस वाङ्ले दिनुभएको प्रवचनः**

**प्रस्तुति– एल्डर दिल थापा**

सर्वप्रथम म तपाईंहरू सबै जनालाई जन्मदिनको शुभकामना व्यक्त गर्न चाहन्छु ! निश्चय, जन्म दिनको शुभकामना ! भोलि हाम्रो जन्म दिन हो भन्ने कुरा के तपाईंहरूलाई थाहा छ ? खीष्टियानको हैसियतले हामी खीष्टको जन्मदिन खीष्टमस मनाउँछौं उसै मण्डलीको पनि अक्टोबरको अन्तिम हप्ता जन्म दिन मनाउँछौं, निश्चयनै हामी सबैको पनि आ-आफ्नै जन्म दिन छ । यस वर्ष इष्टर सण्डेका दिन हाम्रा पाष्टर डा. राजेन्द्र कुमार रोंगोंगको पनि जन्म दिन परेको थियो । हामी सबै मिलेर उहाँको जन्म दिन मनायौं तर खीष्टको मण्डलीको रूपमा हामीले मण्डलीको जन्मदिन बिरलै मनाउँदछौं, शायद यो कहिले पर्छ भन्ने कुरा हामीलाई थाहा पनि छैन होला ! त्यसकारण, आज म तपाईंहरू सबैसँग मिलेर जन्मदिन मनाउन चाहन्छु साथै त्यस दिन के भयो सो सिक्न चाहन्छु र त्यसको कस्तो प्रभाव हामीमा पर्छ भन्नेपनि जान्न चाहन्छु ।

पन्तिकोस जसलाई हप्ताको चाड (प्रस्थान ३४:२२, १६:१०) पनि भनिन्छ, यहूदी चाड हो । सिनै पर्वतमा व्यवस्था दिइएको सम्झनामा यो मनाइन्छ तर हामी खीष्टियानहरूका लागि पन्तिकोस मण्डलीको जन्म दिन हो । पन्तिकोस निस्तार चाडको पचासौं दिनमा पर्छ, कतिपय चलनमा यो फरक हुन सक्छ । यस वर्ष यो कि जुन ८ कि जुन १२ मा पर्नुपर्ने हो । त्यसकारण आजको दिन यो उत्सव मनाउन अझै मिल्छ ।

यो सम्झनुहोस् कि पहिलो शताब्दिभरि, प्रेरितहरूको समयमा, मण्डलीको कुनै भवन थिएन, नता कुनै संस्थानै, यो त केवल खीष्टका विश्वासीहरूको झुण्ड मात्र थियो । उनीहरू मन्दिरमा परमेश्वर र येशू खीष्टको आराधनाको लागि भेट्ने गर्थे । त्यसैले मैले भन्न चाहेको मण्डली एउटा भवन होइन नता सम्प्रदायनै तर यो त विश्वासीहरूको संगति हो । मण्डली भनेको हामी नै हौं र पन्तिकोस त्यो हो जब खीष्टियानहरू मण्डली बने र यो आशा गर्छु कि अबदेखि उसो हामीले यो दिनको सम्झना गरौं र उत्सव पनि मनाऔं ।

त्यस ऐतिहासिक दिनमा अथवा येशूको पुनरुत्थान भएपछि पन्तिकोसको दिनमा के भयो ? प्रेरित २:१-४ ले भन्छ कि पवित्र आत्मा विश्वासीहरूमाथि आगाका ज्वालाझैं आउनुभयो र सबै चेलाहरू अन्य भाषामा बोल्न लागे अनि पूर्ण बिराम ! हामीमध्ये धेरैजनाले पवित्र आत्माको अभिषेकका लागि प्रार्थना गर्‍यौं, पवित्र आत्माको भरपूरीका लागि प्रार्थना गर्‍यौं, अनि अन्यभाषमा बोल्न सक्ने भयौं, अनि पूर्ण बिराम ! मलाई यो भन्न दुःख लाग्छ तर हामीमध्ये धेरैले पन्तिकोसको बारेमा बुझेका यत्ति हो र शायद त्यसैकारण यो दिन मनाउँदैनौं ।

आज म चेलाहरूले अन्यभाषा बोलेपछि के भयो र मण्डलीको जन्म कसरी भयो भन्ने कुरा हेर्न चाहन्छु। यस घटनाको राम्रो चित्र पाउनलाई म पत्रुसमा केन्द्रित हुन चाहन्छु जो पछि गएर मण्डलीका पिता बन्दछन्। खीष्टले नै उहाँको मृत्यु अघि उनलाई मत्ती १६:१८ मा नियुक्त गर्नुभयो । पत्रुसले पवित्रआत्माको अभिषेक पाएपछि उनको बारेमा मैले तीनवटा कुराहरू थाहा गरेको छु । पहिलो कुरा पत्रुस पापीबाट सन्तमा परिणत भए; दोस्रो कुरा, पत्रुस मूर्खबाट बुद्धिमान मानिसमा परिणत भए; तेस्रो कुरा, पत्रुसले आफ्नो ढुंगासरहको हृदयलाई खीष्टको कोमल हृदयमा परिणत गरे ।

पन्तिकोसको दिनमा पत्रुसमा पवित्रआत्मा आउनुभयो र पत्रुस पापीबाट सन्तमा परिणत भए । लूका ५:८ को घट्ना हामीले सम्झेका छौं भने यहाँ पत्रुसले येशूलाई पहिलोपटक भेट्छन् र येशूनै मसिह, खीष्ट हुनुहुन्छ भनी महसुस गर्छन् र येशूको पाउमा घोप्टो परेर भन्छन्, "हे प्रभु, मबाट जाइजानुहोस् किनकि म पापी मानिस हुँ ।" येशूलाई तीन वर्षसम्म पछ्याएपछि पनि यस पृथ्वीमा भएको येशूको मिशन बुझ्न सकेका थिएनन् । जब येशूले आफ्नो मृत्युको बारेमा जानकारी दिनुभयो, पत्रुस येशूलाई रोक्न चाहन्छन् (मर्कूस ८:३२ र ३३) पदमा येशूले पत्रुसलाई "ए शैतान मबाट हटिजा, किनकि तेरो मन परमेश्वरपट्टि छैन तर मानिसपट्टि छ" भनेर हप्काउनुहुन्छ ।

साँच्चै सबभन्दा नराम्रो कुरा अझै हुन आएको छैन ! जब येशू पक्राउ पर्नुभयो र उहाँलाई मुद्दा लगाइयो, उनी पनि येशूका चेला हुन् भन्ने विषयमा उनले तीनपल्टसम्म इन्कार गरे (मर्कूस १४:६६-७२) । शायद पत्रुसले कहिले केही चोरेका पनि थिएनन् र कसैको हत्या पनि गरेका थिएनन् तरपनि पत्रुस पापी नै थिए । चाखलाग्दो कुरा यो हो कि येशूले पत्रुसलाई एउटा विशेष कामको जिम्मा दिनुभएको थियो कि उनी पत्थर कहलाइनेछन् जसमाथि मण्डली निर्माण हुनेछ (मर्कूस १६:१८) । पेन्तिकोसको दिनमा जब पवित्रआत्मा चेलाहरूमाथि आउनुभयो, पत्रुस पापी मानिसबाट सन्तमा परिणत भए ! उनी मण्डलीको अगुवा बने र येशूले झैं उनले पनि आश्चर्य कर्म र चिन्हहरू देखाए । निश्चयनै सन्त हुनु एउटा प्रक्रिया हो, यो एक दुई दिनभित्र नै सम्पन्न हुँदैन; तर पत्रुस पन्तिकोसको दिनदेखि बिस्तारै सन्त हुँदै गए जसको बारेमा आज हामीलाई थाहा छ । पत्रुसको यस पृथ्वीको सेवकाईको अन्तमा सबैले यो थाहा गरेका छन् कि उनी एक सन्त हुन् ।

हामीमा पनि पवित्रआत्मा हुनुहुन्छ, के हामी पनि पापी मानिसबाट सन्तमा परिणत भएका छौं ?

दोस्रो कुरा, पत्रुस मूर्ख मानिसबाट बुद्धिमानमा परिणत भएका छन् । जब पन्तिकोसको पछि पत्रुस र यूहन्ना मन्दिरमा पूजाहारी र शास्त्रीहरूका अगाडि थिए । उनीहरूले पत्रुसलाई अशिक्षित,साधारण मानिसका रूपमा चिने (प्रेरित ४:१३) । निश्चयनै हामी सबैले जानेका छौं कि पत्रुस गालिलका माझी थिए, उनको बोली गालिलीको जस्तै धोद्रो थियो, यो आधारमा पनि धेरैले उनलाई बुद्धिमान र शिक्षित वर्गमा राख्दैनथे । वास्तवमा येशूसँग रहेको पूरा समयभरि पत्रुसले 'येशूनै खीष्ट हुनुहुन्छ' भन्ने स्वीकार बाहेक (मर्कूस ८:२७,२९) अन्य केही कुरा पनि बुद्धिमानले झैं बोलेनन् तर धेरै प्रश्नहरू उनले नै सोध्थे किनकि येशूले बोल्नुभएका कुरा उनी बुझ्दैनथे । पत्रुस पहिले मूर्ख थिए । तर पन्तिकोसको दिनमा पवित्रआत्मा उनीमाथि आउनुभएपछि पत्रुस बुद्धिमान मानिस बने र उनको बुद्धिले गर्दा उनी मण्डलीको पिता बन्न पुगे ।

प्रेरित २:१४-४१ मा उल्लेख गरिएको पत्रुसको प्रवचन आजसम्म प्रचार गरिएकोमध्ये सबैभन्दा शक्तिशाली थियो । तीन हजारभन्दा बढी मानिसले उनको प्रवचन सुनेर येशूलाई विश्वास गरे । पत्रुसले येशूको बारेमा प्रधान

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | |
|---|---|---|---|---|---|---|
| **मिति** | **ज्ञानेश्वर** | **नगरकोट** | **सिर्जनानगर** | **ललितपुर** | **पनौती** | **गुरूजुधारा** |
| **श्रावण २८ गते<br>अगष्ट १३ ता.** | पाष्टर<br>सामुएल कार्थक | श्री<br>सरोज मान तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | श्री भुवन देवकोटा<br>डीकनेस् शारोन रोंगोंग | पाष्टर<br>दफ्तन सादा | श्री<br>गंगा न्यासुर |
| **भाद्र ३ गते<br>अगष्ट २० ता.** | पाष्टर<br>महेश थाँजु | श्री<br>सुरेन्द्र परियार | डीकन<br>सुरेश पुरकोटी | श्री<br>मार्क गल्पिन | एल्डर<br>श्रीलक्ष्मी सैंजु | डीकन<br>गोपाल शर्मा |
| **भाद्र १० गते<br>अगष्ट २७ ता.** | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>पूर्ण सुनुवार | श्री<br>सिद्धि खालिङ | पाष्टर रोबर्ट कार्थक<br>श्री अन्जान घले | एल्डर<br>रूबेन श्रेष्ठ | डीकन<br>बाबु राम के.सी. |
| **भाद्र १७ गते<br>सेप्टेम्बर ३ ता.** | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा – ज्ञानेश्वर चर्च** | | पाष्टर<br>दफ्तन सादा | श्रीमती<br>गंगा श्रेष्ठ | **संयुक्त सेवा<br>ललितपुर चर्च** |

पूजाहारी हन्नास र अन्य पूजाहारी अघि गरेको बहस अति नै शक्तिशाली भाषण थियो । पत्रुसजस्तो माझीको कुरा सुनेर अति शिक्षित पूजाहरी र शास्त्रीहरू पनि अचम्भित भएका थिए र साहससँग प्रतिरक्षा गर्न सके । पत्रुसलाई धम्की दिइएको अवस्थामा पनि उनी दवाबमा झुकेनन् र येशूको बारेमा बोल्दै नबोल्नू भन्ने चेतावनीलाई पनि स्वीकार गरेनन् । केले पत्रुसलाई यस्तो बुद्धिमान र बलवान तुल्याएको हो ? प्रेरित ४:८ ले भन्छ कि त्यसपछि पत्रुस पवित्रआत्माले भरिएर उनीहरूलाई भन्छन्...। यो त पवित्रआत्माले नै हो पत्रुसलाई मूर्खबाट बुद्धिमान तुल्याउनुभएको, यो परमेश्वरको महिमाको लागि र मण्डलीलाई सुदृढ तुल्याउनका लागि हो ।

चिनियाँ भएको नाताले मलाई जे कुरा थाहा छ त्यसबारे मैले घमण्ड गर्न हुँदैन भन्ने कुरा सिकाइएको थियो, त्यही कारणले नम्रता देखाउनका लागि मैले जानेको कुरा पनि जानेको छैन भन्नुपर्छ। यो हामी चिनियाँहरूको स्वभाव हो। अझ बढी मैले यो स्वीकार गर्नुपर्छ कि म त्यति बुद्धिमान विद्यार्थी थिइनँ, म जवान हुँदा कहिल्यै कठोर परिश्रम गरिनँ। त्यसैले म कहिल्यै परीक्षाहरूमा प्रथम हुन सकिनँ खाली उत्तीर्णमात्र हुन्थेँ । त्यसकारण पनि मेरो लागि घमण्ड गर्ने कुनै कुरानै थिएन । जब मैले विश्वविद्यालयको पढाइ सिध्याएँ तब मैले विचार गरें कि म फेरि अध्ययनका लागि कुनै विद्यालयमा जाने छैन तर प्रभुले म जस्तो मूर्खलाई चलाउन सक्नुभएन त्यसैले उहाँले ममा काम गर्न र मलाई परिवर्तन गर्न लागिरहनुभयो । तपाईंले विश्वास गरे पनि नगरे पनि मैले ३० वर्षअघि काम गर्न शुरू गरेको समयदखि अहिलेसम्म मैले अध्ययन गर्न छाडेको छैन । हितोपदेश १:७ ले भन्छ ‘परमप्रभुको भय नै ज्ञानको शुरू हो ।’ म अहिले बुद्धिमान छु भनी घमण्ड गर्न चाहन्नँ तर मेरो बुद्धि कहाँबाट आउँछ भन्ने कुरा मलाई थाहा छ, साथै यो परमेश्वरको महिमा र उहाँकै सेवकाईका लागि हो । बिस्तारै बिस्तारै, मेरो खीष्टियान दाजुभाइ, दिदी बहिनीहरूले म अशिक्षित छु, मसँग धेरै ज्ञान छैन वा म असक्षम छु भनेको सुन्छु मलाई आश्चर्य लाग्छ । यो कुरा थाहा पाएपछि उनीहरूले यो आफ्ना नम्रता देखाउनका लागि वा परम्पराको कारणले हो यसो गरेका हुन् भन्ने कुरा स्वीकार गर्नलाई मलाई चुनौतीपूर्ण लाग्छ । यदि पवित्रआत्मा पत्रुसमाथि आएर उनलाई मूर्खबाट बुद्धिमान मानिस बनाउनुभयो भने त्यही पवित्रआत्मा हामीमा हुनुहुन्छ, परमेश्वरको मण्डलीका रूपमा, खीष्टको देहका रूपमा र हामी कोही अन्य भाषामा समेत बोल्न सक्ने अवस्थामा किन हाम्रो मूर्खता बुद्धिमा परिवर्तन हुन नसकेको ? यदि मण्डलीचाहिँ मुखहरूको जमात हो भने किन अरूहरू हामीसँग मिसिन आइपुग्छन् ? हामीले जीवनका हरेक समस्याका लागि अनन्त उत्तरहरू दिन सक्नुपर्ने हो र येशूको खोजी गरिरहेकाहरूलाई येशूलाई प्राप्त गर्न सहायता पुऱ्याउनुपर्ने हो । मूर्खहरूको मण्डलीमा को आउलान् र ? यो त परमेश्वरका लागि र हाम्रा लागि पनि लाजमर्दो कुरा हो ।

यसभन्दा अझ भन्ने हो भने हामीलाई धेरैपटक भनिएको छ कि मण्डली हाम्रो देशका लागि एउटा आशा हो, हामीले यो देशलाई निर्माण गर्नुपर्छ र रूपान्तरित पनि गर्नुपर्छ तर कुनै बुद्धि नै नभएको मण्डलीले कसरी यो देशलाई रूपान्तरित गर्न सक्छ ?

मेरो प्रिय दाजुभाइ दिदीबहिनी हो, पवित्रआत्मा हामीमा बर्सून् भनेर खाली गीत गाउने र प्रार्थना गर्नेहरू मात्र हामी नबनौं तर साँचो अर्थमा आफैलाई खुल्ला पारौं र जसरी २,००० वर्ष अघि पेन्तिकोसको दिनमा पवित्र आत्माले पत्रुसलाई बदल्नुभयो त्यसरी नै उहाँले हामीलाई पनि बदली गरिदेऊन्। परमेश्वरले हामीलाई दिनुभएको बुद्धि प्रयोग गर्न सक्षम बनौं र हाम्रो समाज र देशलाई पनि रूपान्तरित गर्न सकौं र यसरी परमेश्वरलाई नै महिमा र आदर दिन सकौं। म सधैं मलाई प्रभुमा हुर्काउनेको भनाइ सम्झन्छु जो अहिले बितिसक्नुभयो, उहाँ भन्नुहुन्थ्यो, “मलाई सबै उत्तर थाहा छैन तर मलाई थाहा छ जसले सबै उत्तर जान्नुहुन्छ ।”

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| **आराधना सेवा** | **शनिबार** | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान ८:०० बजे र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,<br>जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल र साहुगाउँ |
| **आत्मिकी तथा चंगाई सेवा** | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| **घरेलु संगति** | **बुधबार, बिहीबार, शुक्रबार साथै हाप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू** | | |
| **प्रार्थना सभा** | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, मीनभवन |
| | आइतबार | बेलुकी ६:०० बजे | लिपिकोट |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, गोंगबूँ, पनौती सिर्जनानगर |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला) |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैसेपाटी |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, कमलाक्षी |
| | शुक्रबार | बिहान ६:०० बज | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, कालीमाटी गाम्छा र सुन्दरीजल |
| | शुक्रबार | दिउँसो ३:०० बजे | पनौती |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा | साहुगाउँ |
|---|---|---|---|---|---|---|---|
| **श्रावण २८ गते अगष्ट १३ ता.** | पाष्टर एल.पी. न्यौपाने | श्री अमृत लामा | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा गोंगबूँ चर्च** | श्री धन बहादुर तामाङ्ग |
| **भाद्र ३ गते अगष्ट २० ता.** | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा – जोरपाटी चर्च** | | | पाष्टर एल.पी.न्यौपाने | श्री सुरेश पाण्डे | श्री दिल मान तामाङ्ग |
| **भाद्र १० गते अगष्ट २७ ता.** | पाष्टर महेश थाँजु | एल्डर जमान तामाङ्ग | डीकनेस् राम माया नगरकोटी | एल्डर अष्ट श्रेष्ठ | डीकन छोदेन कार्थक | श्रीमती निर्मला थापा | श्री धन बहादुर तामाङ्ग |
| **भाद्र १७ गते सेप्टेम्बर ३ ता.** | पाष्टर बर्णबास श्रेष्ठ | श्री कृष्ण श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर गोपी राई | पाष्टर एल.पी.न्यौपाने | श्री निरज बोहोरा | श्री धन बहादुर तामाङ्ग |

## हार्दिक बधाई

आषाढ २६ गते/जुलाई १० ता. आइतबार नेइम गोंगबूँ चर्चमा यसै मण्डलीको सदस्य–सदस्याको पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती जेम्स/सीता खड्का**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आषाढ २७ गते/जुलाई ११ ता. सोमबार नेइम ज्ञानेश्वर चर्चमा यसै मण्डलीको सदस्या सुश्री अन्जना श्रेष्ठ र नवजीवन चर्च ठोरीको सदस्य श्री राज कुमार श्रेष्ठको पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती राज कुमार/अन्जना श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



श्रावण १ गते/जुलाई १८ ता. आइतबार नेइम ज्ञानेश्वर चर्चमा यसै मण्डलीको सदस्य-सदस्याको पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती अर्पण/मेरिना तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



## अगष्ट महिनाको कार्यक्रम

भाद्र १ गते/अगष्ट १८ ता. बिहीबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा

## जानकारी

१. आषाढ १८ गते/जुलाई २ ता. शनिबार नेइम ज्ञानेश्वर मण्डलीमा ३८ जना बालबालिकाहरूको बाल अर्पण भयो ।


२. आषाढ २१ गते/जुलाई ५ ता. मंगलबार नेइम ज्ञानेश्वर मण्डलीमा १२ जना र आषाढ २८ गते/जुलाई १२ ता. मंगलबार १४ जना गरी जम्मा २६ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

३. आषाढ २४ गते/जुलाई ८ ता. शुक्रबार नेइम ललितपुरमा ११ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

४. श्रावण १० गते/जुलाई २६ ता. मंगलबार नेइम ज्ञानेश्वर मण्डलीमा १ जना विश्वासीले पानीको बप्तिस्मा लिनुभयो ।

५. श्रावण ६ गते/जुलाई २२ ता. शुक्रबार नेइम नमुना मण्डली, भोटे बहाल स्थित महिला कारागारमा १५ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

६. श्रावण ७ गते/जुलाई २३ ता. शनिबार सिन्धुपाल्चोकको पाखरमा २ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।



कालोपुल बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य **श्री जितेन्द्र बुढाथोकी** ५१ वर्षको उमेरमा श्रावण १० गते/जुलाई २६ ता. मंगलबार प्रभुमा सुत्नुभयो ।

## प्रार्थनाका विषयहरू

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान बुद्धि, एकता, मेल मिलाप मागिदिऔं साथै सबैको हित हुने ठीक संविधान समयमा बनि सकून् ।

२. नेपालका सुसमाचार पुग्न नसकेका गाउँ, जिल्लाहरूमा र मण्डली स्थापना हुन नसकेका ठाउँहरूमा सुसमाचार पुग्न सकोस् र मण्डली स्थापना भएको होस् ।

३. नेइम अन्तर्गतका मण्डलीहरू ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, सिर्जनानगर, गाम्छा, रानीपौवा, सुन्दरीजल, गुर्जुधारा र साहुगाउँ मण्डलीहरूको सेवा संगतिहरूमा मण्डलीको वृद्धिको लागि परमेश्वरबाटको आशिष मागौं साथै यी मण्डलीहरूमा सेवकाई गर्नुहुने अगुवा गुरूजनहरूको लागि पनि प्रार्थना गरौं ।

४. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र खीष्ट येशू प्रभुमा पाइने सित्तैंको मुक्तिको सुसन्देश ठीक प्रकारले प्रचार गर्न सकून् जसको फलस्वरुप खीष्ट येशू प्रभुमा विश्वास गर्नेहरू मूल्य चुकाउनेहरू पनि हुन सकून् ।

५. वर्षायामको समयमा विभिन्न ठाउँ–ठाउँमा बाढी पहिरो गएको कारण संकष्टमा परेकाहरूको लागि प्रर्थना गरौं । समयमा राहत पाउन सकून् साथै बाढी पहिरोको कारण महामारी फैलिनदेखि परमेश्वरले नै जोगाउनुभएको होस् ।

६. मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाईको लागि जानुभएकाहरूको सेवकाई, परिवार, शुरू भएको संगति झुण्डको लागि साथै उहाँहरूको सेवकाईद्वारा धेरै प्रभुको राज्यमा आउन सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार Sunday** | २२ 7<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा गवाही दिनेहरू पनि बन्न सकून् ।<br>**३ यूहन्ना १-६** | २९ 14<br>ख्रीष्ट येशू असल गोठालो हुनुभएझैं मण्डलीका सबै अगुवाहरू पनि आफ्नो मण्डलीको असल गोठालोहरू हुन सकून् ।<br>**यूहन्ना १०:१०-१६** | ०४ 21<br>शाखा/आवद्ध मण्डलीमा रहेका सबै पाष्टर, अगुवा, प्रचारक तथा सबै विश्वासीहरूको प्रभुबाटको सुरक्षा र सेवकाईको लागि प्रार्थना गरौं ।<br>**यशैया ४२:६-७** | ११ 28<br>नेपालमा रहेका सबै इसाईहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् ।<br>**कलस्सी २:६-७** |
| **सोमबार Monday** | २३ 8<br>हप्ताभरि विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीका धेरैभन्दा धेरैले भाग लिन सकून् ।<br>**यूहन्ना १४:१२-१४** | ३० 15<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>**प्रकाश ३:१५-१७** | ०५ 22<br>मण्डलीका सबै विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण हुन सकून् ।<br>**रोमी १४:१९** | १२ 29<br>नेइमअन्तर्गतका मण्डलीहरूमा संख्यात्मक वृद्धिको साथै प्रभुमा पाको, बलियो मण्डली हुँदै जान सकौं ।<br>**एफिसी ३:१४-१९** |
| **मंगलबार Tuesday** | २४ 9<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरूको सेवकाईमा आत्माको नवीन जोश, उत्साह र नयाँ अभिषेक मागिदिऔं ।<br>**यूहन्ना १५:१६** | ३१ 16<br>आत्मिकी सेवामा पवित्र आत्मा परमेश्वरले दिनुभएको स्वतन्त्रता, चंगाई, छुट्कारा, बल साहस, शान्ति पाएर परमेश्वरलाई अझ प्रेम गर्नेहरू हुन सकौं ।<br>**भजनसंग्रह ७३:२३-२८** | ०६ 23<br>प्रत्येक विश्वासीहरू आफू रहेको ठाउँमा ख्रीष्टको साँचो साक्षीको जीवन जिउनेहरू हुन सकौं ।<br>**१ पत्रुस २:९-१२** | १३ 30<br>सेवकाईमा सहायता पुऱ्याइराख्नु-भएकाहरूको परिवारले पनि सेवकाईमा साथ दिन सकून् साथै परिवारको सबै आवश्यकताको लीगि प्रार्थना गरौं ।<br>**मत्ती ६:३३** |
| **बुधबार Wednesday** | २५ 10<br>सबै घरेलु संगतिहरूमा मण्डलीका विश्वासीहरू एकअर्कालाई सहयोग, वास्ता र उत्साह दिँदै एक आपसको घनिष्ठता बढेर गएको होस् ।<br>**हिब्रू १०:२४-२५** | ३२ 17<br>भोलि हुने महिला उपवास प्रार्थनाद्वारा व्यक्तिगत जीवन, पारिवारिक क्षेत्रमा, मण्डली, समाज र देशमा अझै आशिष बगेको होस् ।<br>**१ कोरिन्थी २:९** | ०७ 24<br>अधुरा परिवारमा भएका विश्वासीहरू सबै अवस्थामा स्थिर भइ परमेश्वरमा रहिरहन सकून् ।<br>**यूहन्ना १६:३३** | १४ 31<br>सेवा संगतिदेखि टाढिएकाहरू र प्रभुको प्रेमलाई चाखेर फेरि संसारतिर फर्केर गएकाहरू साँचो पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् ।<br>**लूका १५:११-२४** |
| **बिहीबार Thursday** | २६ 11<br>मण्डलीका सबै बालिकाहरूले सानै उमेरदेखि प्रभुको आवाजलाई सुनेर भविष्यमा परमेश्वरकै महिमाको कामको लागि तयार हुन सकून् ।<br>**१ शमूएल ३:१-४** | ०१ भदौ 18<br>मण्डलीका सबै जवानहरूले परमेश्वरको बोलावट थाहा गरी आज्ञाकारी हुनलाई पवित्र आत्मा परमेश्वरलेनै सहायता गरून् ।<br>**१ शमूएल ३:८-१०** | ०८ 25<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन एकअर्का र मण्डलीको लागि आशिषमय बन्न सकून् ।<br>**भजनसंग्रह १४४:१२-१५** | १५ 1<br>कुनै पनि परिवारमा परिवार मिलेर परमेश्वरको आदर, प्रशंसा र संगति गर्ने पारिवारिक वेदी कहिल्यै नसेलाएको होस् ।<br>**यहोशू २४:१४-१८** |
| **शुक्रबार Friday** | २७ 12<br>मण्डलीको सेवा संगति र आराधना सेवाहरूमा सुनेको वचनअनुसार मण्डली आज्ञाकारितामा जिउनेहरू हुन सकून् ।<br>**हितोपदेश ४:४** | ०२ 19<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>**यशैया ४५:२०-२३** | ०९ 26<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाई र अभिषेक मागिदिऔं ।<br>**२ कोरिन्थी २:१४-१७** | १६ 2<br>मण्डलीलाई प्रशस्त आशिषमा डोऱ्याउनुहुने साथै आशिषको कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>**भजनसंग्रह १४७:१२-२०** |
| **शनिबार Saturday** | २८ 13<br>नेइम परिषदका सबै गुरुजनहरूको सेवकाई, परिवार, काम-व्यवसायमा परमेश्वरको आशिष मागिदिऔं ।<br>**भजनसंग्रह १६:७-९** | ०३ 20<br>धेरै पढे-लेखेका उच्च ओहोदामा रहेकाहरू, बुद्धिजीविहरूले प्रभुको सुसमाचार सुनी ख्रीष्ट प्रभुलाई ग्रहण गर्न सकून् ।<br>**रोमी १४:११** | १० 27<br>कारागारमा प्रभु येशूलाई चिनेर विश्वास गर्ने दाजभाइ तथा दिदीबहिनीहरूको बीचमा हुने सेवकाईद्वारा अझै धेरैले प्रभुलाई चिन्न सकून् ।<br>**प्रेरित १६:२५-२६** | १७ September 3<br>विभिन्न काम-व्यवसाय गर्ने सबै विश्वासीहरूले आफ्नो इमान्दारिताद्वारा परमेश्वरलाई महिमा दिन सकून् ।<br>**भजनसंग्रह २५:२१** |

हे याकूब, तँ किन भन्छस् ? हे इस्राएल, तँ किन यस्तो गुनासो पोखाउँछस् ? "मेरो बाटो परमप्रभुदेखि लुकेको छ, परमेश्वरले मेरो वास्ता गर्नुभएको छैन ।" के तँलाई थाहा छैन ? के तैंले सुनेको छैनस् ? परमप्रपभु सदासर्वदा परमेश्वर हुनुहुन्छ, पृथ्वीको पल्लो छेउसम्मका सृष्टिकर्ता हुनुहुन्छ । उहाँ नता थकित न हैरान हुनुहुन्छ, र कसैले पनि उहाँको समझलाई नाप्न सक्दैन ? उहाँले थकितहरूलाई बल दिनुहुन्छ, र कमजोरहरूको शक्ति बढाइदिनुहुन्छ । युवक पनि दुर्बल र थकित हुन्छन्, र जवान मानिसहरू थाकेर लोट्छन् । तर परमप्रभुको आशा गर्नेहरूको बल फेरि नयाँ हुनेछ । तिनीहरू गरुडझैं माथि-माथि उड्नेछन्, र दगुरेर पनि तिनीहरू थाक्नेछैनन् । तिनीहरू हिँड्नेछन् तापनि मूर्च्छा पर्नेछैनन् ।

**यशैया ४०:२७-३१**


प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८५/४४१२१७२ Email:nim@wlink.com.np, www.nim.org.np